
たすけあインコ

# BCG खोप
# क्षयरोग रोक्नका लागि लगाइने खोप हो।

Dr. Toru Mori, Director Emeritus of The Research Institute of Tuberculosis, Japan Anti-Tuberculosis Association
(जापान क्षयरोग विरोधी संघको क्षयरोग अनुसन्धान संस्थानका निर्देशक एमेरिटस) को निरीक्षणमा

## तपाईंलाई क्षयरोग अब विगतको रोग हो जस्तो लाग्छ?

क्षयरोग एउटा संक्रामक रोग हो र यो जापानमा अझै पनि वर्षमा करिब 10,000 बिरामीहरू देखिन्छ।
धेरैजसो बिरामी ज्येष्ठ नागरिक हुन्छन् तर कहिलेकाहीँ यो वयस्कबाट बालबालिकामा पनि सर्छ।
यसबाहेक, क्षयरोगविरुद्धको प्रतिक्रिया आमाबाट बच्चामा वंशानुगत रूपमा सर्न सक्दैन्।
शिशुहरूमा क्षयरोगविरुद्धको प्रतिरोध क्षमता धेरै बलियो हुँदैन र उहाँहरूलाई समग्र शारीरिक क्षयरोग वा क्षयरोगजन्य मेनिन्जाइटिस हुन सक्छ र गम्भीर दीर्घकालीन असरहरू बाँकी रहन सक्छन्।

## BCG खोप भनेको के हो?

BCG खोप माइकोब्याक्टेरियम बोभिसलाई कमजोर बनाइ तयार गरिएको जीवित खोप हो।
खोप लगाउने कार्य माथिल्लो हातको बाहिरी भागमा दुई ठाउँमा बहु पन्चर यन्त्र राखी त्यसमा थिचेर गरिन्छ।



ツベリーナ

## नियमित BCG खोप तालिका

BCG खोप 1 वर्षको उमेरभित्र लगाइन्छ। मानक खोपको अवधि 5 देखि 7 महिनाको उमेरबीच हो तर केही क्षेत्रमा यो अझै छिटो (3 महिनाको उमेरपछि) पनि लगाइन सक्छ।
कुनै बालबालिकाले माथि उल्लेखित अवधिमा, दीर्घकालीन उपचार आवश्यक पर्ने रोग लाग्नुजस्ता कारणले खोप लगाउन नसकेको अवस्थामा, खोप लगाउन योग्य भएको मितिपछि 2 वर्षभित्र तर 4 वर्षको उमेर पुग्नुअघि) उक्त बच्चाले खोप लगाउन सक्छन्।


シールハイハイ

## खोप लगाइसकेपछिका सावधानीहरू

खोप लगाएको ठाउँ प्रत्यक्ष घामबाट जोगाउँदै सुक्खा राख्नुपर्छ।
खोप लगाएको दिन पनि बालबालिकाले नुहाउन सक्छन् तर खोप लगाएको ठाउँमा मिच्ने वा कोट्याउने नगर्नुहोस्।

## खोप लगाइसकेपछिको प्रगति

खोप लगाएको करिब 10 दिनपछि, खोप लगाएको ठाउँमा रातो सानो बबिरा देखिन सक्छ र त्यसपछि त्यसमा थोरै पीप जम्न सक्छ। खोप लगाएको 4 देखि 6 हप्तामा यो प्रतिक्रिया सबैभन्दा बढी देखिन्छ, त्यसपछि पाप्रो बस्ने छ र खोप लगाएको करिब 3 देखि 4 महिनामा निको भएर सानो दाग मात्र बाँकी रहने छ। यो सामान्य प्रतिक्रिया हो र यसले BCG खोपमार्फत प्रतिरोधात्मक क्षमता प्राप्त भएको प्रमाणित गर्दछ। यस्ता छालाका अवस्थाहरूमा पट्टी वा प्लास्टर स्ट्रिप्स नलगाउनुहोस्, केवल सफा राख्नुहोस्।

### खोप लगाइसकेपछिको सामान्य प्रगति


2 हप्ता


4 हप्ता


6 हप्ता


10 हप्ता


4 महिना
(खोप लगाइसकेपछि)

## प्रतिकूल प्रतिक्रियाहरू

खोप लगाएको ठाउँ खोप लगाएको 3 महिना वा त्यसभन्दापछि पनि रसिउन सक्छ वा सुकिसकेपछि फेरि रसाउन सुरु हुन सक्छ।
यसबाहेक, दुर्लभ अवस्थामा, BCG खोप लगाइएको तरिकै काखीमुनिको ग्रन्थि सुन्निन सक्छ। सामान्यतया, यस अवस्थालाई केवल अवलोकन गरे पुग्छ तर कहिलेकाहीं सुन्निएको ठाउँ धेरै ठूलो हुने, पाक्ने, आफैं फुट्ने र पीप बग्न सक्ने हुन सक्छ।
बालबालिकामा यीमध्ये कुनै पनि लक्षण देखिएमा वा अवस्थामा केही परिवर्तन महसुस भएमा कृपया आफ्नो चिकित्सकसँग परामर्श लिनुहोस्।

## कोच फेनोमेनन (The Koch's phenomenon)


シールちゃん

### खोप लगाएपछि प्रतिक्रिया अपेक्षाभन्दा छिटो देखा पर्छ भने

क्षयरोगबाट पहिले नै संक्रमित भएका शिशुहरूलाई BCG खोप लगाउँदा, खोप लगाएको ठाउँमा सामान्यभन्दा धेरै चाँडै (खोप लगाएको 1 देखि 5 दिनभित्र) कडा प्रतिक्रिया देखा पर्न सक्छ। यसलाई कोच फेनोमेनन भनिन्छ।

### तपाईंलाई कोच फेनोमेनन सुरु भएको शङ्का लागेमा:

**1 तपाईंले यी परिवर्तनहरू देख्नुभयो भने 2 देखि 3 दिनभित्र खोप लगाउने चिकित्सकलाई अनिवार्य रूपमा देखाउनुहोस्।**

कोच फेनोमेनन सुरु हुनु भनेको बच्चा थाहा नपाई पहिले नै क्षयरोगबाट संक्रमित भएको हुन सक्छ। तपाईंको बच्चा वास्तवमै क्षयरोगबाट संक्रमित छ कि छैन भन्ने जाँच गर्नुपर्छ। तपाईंको बच्चा समूहगत खोप कार्यक्रममा सहभागी भएको थियो वा तपाईं आफ्नो प्राथमिक चिकित्सकसँग सम्पर्क गर्न सक्नुहुन्न भने कृपया आफ्नो नगरपालिकाअन्तर्गतको खोप विभागमा सम्पर्क गर्नुहोस्। कृपया यो आपत्कालीन बाह्य क्लिनिक (Emergency Outpatient Clinic) मा तुरुन्तै जानुपर्ने जस्तो गम्भीर अवस्था होइन भन्ने कुरामा ध्यान दिनुहोस्।
कृपया जापानमा पछिल्ला वर्षहरूमा बालबालिकामा क्षयरोग संक्रमण दर निकै कम रहेको छ र धेरै अवस्थामा पछि जाँच गर्दा बालबालिका क्षयरोगबाट संक्रमित नभएको पुष्टि भएकाले नआत्तिनुहोस्।

**2 खोप लगाइसकेपछि सुन्निने अवस्था 2 देखि 4 हप्ताभित्र कम हुन थाल्छ**

खोप लगाएको ठाउँको छाला रातो भएमा, सुन्निएमा वा पीप आउन थालेमा पनि त्यसमा गज मात्र लगाउनु पर्याप्त हुन्छ। खोप लगाएको 2 देखि 4 महिनापछि छाला निको हुने छ र दाग मात्र देखिने अवस्थासम्म पुग्ने छ।

### कोच फेनोमेननका उदाहरणहरू


2 दिन


5 दिन


7 दिन
(खोप लगाइसकेपछि)


シールぼうや

सामान्यतया, यसमा खोप लगाएको 3 दिनभित्रै द्रुत परिवर्तनहरू (जस्तै: सुन्निने, पीप जम्ने आदि) देखिने गर्दछ।
सामान्यतया अवस्था सामान्यभन्दा छिट्टै निको हुन्छ।

फोटोहरू: जनहितकारी संस्था, क्षयरोग अनुसन्धान संस्थान